# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## विश्व वातावरण दिवस, (जुन ५) २०८३ को शुभकामना सन्देश

विश्व वातावरण दिवस(जुन ५) को अवसरमा बागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। हाम्रो अस्तित्व,स्वास्थ्य र समृद्धि स्वच्छ वातावरणमा नै निर्भर रहन्छ । बढ्दो शहरीकरण, औद्योगिकरण र मानवीय कृयाकलापका कारण प्रकृति र पर्यावरणमा अभूतपूर्व चुनौतिहरु थपिएका हुन्।

हाम्रो अस्तित्व,स्वास्थ्य र समृद्धि स्वच्छ वातावरणमा नै निर्भर रहन्छ। बढ्दो शहरीकरण, औद्योगिकरण र मानवीय कृयाकलापका कारण प्रकृति र पर्यावरणमा अभूतपूर्व चुनौतिहरु थपिएका हुन्।

जलवायू परिवर्तनको प्रत्यक्ष  असर हाम्रा हिमाल, जलश्रोत, जैविक विविधता र कृषि प्रणालीमा परिरहेको वर्तमान अवस्थामा यो दिवसले हामी सबैलाई वातावरण संरक्षणप्रति थप जिम्मेवार बन्न सचेत गराएको छ। हाम्रो वरपरको वातावरण स्वच्छ राख्न, बन र वनस्पतिको जगेर्ना गर्न, प्लाष्टिकजन्य फोहोरको न्यूनिकरण गर्न र नविकरणिय उर्जाको प्रयोगलाई बढावा दिन हामी प्रत्येक नागरिकको सानो प्रयास पनि महत्त्वपूर्ण सावित हुन सक्छ। "प्रकृति हुर्के मात्र मानव सभ्यताको रक्षा हुन्छ" तसर्थ स्वच्छ, सफा र हरियाली राष्ट्र निर्माण गर्ने राज्यको संकल्पलाई साकार पार्न स्थानीय समुदाय, नागरिक समाज, निजी क्षेत्र र सरकारी निकायहरु बिच बलियो सहकार्यको अपेक्षा गर्दछु। आजको यो विशेष दिनमा हामी सबै मिलेर कम्तिमा एउटा बिरुवा रोप्ने र त्यसलाई हुर्काउने साझा संकल्प गरौं।

अन्तमा, यस दिवसले हामी सबैमा "प्रकृति मैत्री जीवनशैली" अपनाउने प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दै पुनः विश्व वातावरण दिवसको शुभकामना व्यक्त गर्दछु।

**२०८३ साल जेठ २२ गते, शुक्रबार**
**ने.सं. ११४६ अनलागा: पञ्चमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**